# रेडियो, म र मेरा वरिपरिका कुराहरू

**सिर्जना सुब्बा**

रेडियो मेरो जीवनको एक अभिन्न अङ्ग हो भन्दा फरक पर्दैन । रेडियो मैले कहिलेदेखि सुन्न थालेँ, केही थाहा छैन तर मलाई याद आउने समयदेखि अर्थात् तीसको दशकको उत्तरार्धदेखि नै रेडियो सुन्दै आएकी छु । रेडियोको रूपाकृति, यसबाट प्रस्तुत कार्यक्रम तथा कार्यक्रमका विषयवस्तुमा प्रशस्तै नौलोपन आए तर रेडियो सधैँ नै सँगै छ मसँग ।

म नेपालको पूर्वी पहाडी जिल्ला इलामको इलाम बजारमा जन्मेँ र बाल्यकालको केही समय त्यहीँ बिताएँ । बजार क्षेत्र भएकाले त्यहाँ धेरैजसोको घरमा एउटा रेडियो हुने गर्दथ्यो । त्यो बेलाको सबैभन्दा प्रचलित रेडियो थियो– 'नेशनल' । त्यो रेडियो सानो हुन्थ्यो तर निकै शक्तिशाली । अलि पैसावालको घरमा भने क्यासेट बजाउन मिल्ने अलि ठूलो रेडियो हुने गर्दथ्यो । रेडियो नेपाल प्रसारण हुने समयभरि प्रायः सबैले रेडियो नेपाल नै सुन्ने गर्थ्यौं । मान्छेहरू रेडियो नेपालको प्रसारण सकिएपछि अल इण्डिया रेडियो, बीबीसी तथा रेडियो सिलोनका कार्यक्रमहरू सुन्ने गर्दथे । खबर सुन्न रुचाउनुहुने मेरो बाबा र ठूलो

बाबा बीबीसी सुन्ने गर्नुहुन्थ्यो । मेरो आमा र मामाहरू रेडियो सिलोन र अल इण्डिया रेडियोमा नेपाली तथा हिन्दी गीतहरू सुन्ने गर्नुहुन्थ्यो । इलाम बजारमा धेरै मारवाडी भएको र भारतको सिलगुडी र दार्जिलिङ नजिकै पर्ने हुनाले त्यहाँ हिन्दी भाषा धेरैले बुझ्थे । त्यसकारण धेरैजसो घर तथा दोकानमा हिन्दी भाषामा सधैँ रेडियो बजी नै रहन्थ्यो ।

इलाम मेरो आमाको घर हो भने मेरो बाबाको घर ताप्लेजुङ जिल्लाको थेचम्बु गाविस हो । सानोमा हामी कहिले इलाम त कहिले थेचम्बु बस्थ्यौँ । थेचम्बुमा हाम्रो घर बाटोमुनि पर्दछ । बटुवाहरू हाम्रो घरभन्दा उँभोको बाटोबाट हिँडिरहन्थे र कोही कोही बटुवा भने गाउँ नै घन्किने गरेर रेडियोमा गीत बजाएर हिँड्थे । यसरी रेडियो घन्काएर हिँड्ने बटुवा आएमा मेरो आमा र बोजू लाहुरे आएको होला भनी अनुमान गर्नुहुन्थ्यो । सबै जनाले त्यो रेडियो भिरेर हिँड्ने मान्छेलाई राम्ररी नियाल्थे । बारीमा काम गरिरहेका खेतालाहरू पनि काम केही छिनलाई टक्क रोकेर त्यो व्यक्तिलाई को रहेछ भनी हेर्ने गर्दथे । त्यस बेला त्यसरी रेडियो बोकेर हिँड्ने मान्छे देखेर मलाई अचम्म लाग्थ्यो । किन त्यस्तो भारी चीज वित्थामा बोकेको होला जस्तै लाग्थ्यो । तर अहिले थाहा भयो, त्यस बेला रेडियो बोकेर, रेडियो घन्काएर हिँड्नु अहिले हातमा मोबाइल फोन बोकेर हिँड्नु जस्तै शानको विषय रहेछ ।

त्यस बेला *कृषि कार्यक्रम*की बूढी आमा चर्चित थिइन् । हामी घरका सबै जना जेटिए र ती बूढी आमाको कुराकानी सुन्ने गर्थ्यौं । उनले रमाइलो ढङ्गबाट मल, विषादी, बीउबिजन, बालीनालीका समस्या जस्ता कृषिसम्बन्धी कुराहरू गर्थिन् । हामीलाई त्यत्ति बूढी मान्छे त्यस्तो मजाले रेडियोमा कुरा गरेको सुन्दा अचम्मै लाग्थ्यो । पछि काठमाडौँ आएपछि ती बूढी आमाको रूपमा त भर्खरकी महिलाले स्वर बनाएर अभिनयमात्रै गरेको भन्ने थाहा भयो र झनै अचम्म लाग्यो । मलाई अझै पनि त्यत्ति राम्रो स्वर बनाउन सक्ने अर्को कलाकार नेपालमा छैन जस्तो लाग्छ ।

मेरा फुपू र दिदीहरूको प्यारो कार्यक्रम चाहिँ शनिबार दिउँसो आउने नाटक थियो । उनीहरू त्यो नाटक हुरुक्कै भएर सुन्ने गर्दथे । अलिकति हल्ला भयो भने उनीहरू रिसाउँदै कानैमा रेडियोको स्पीकर राख्थे । समय समयमा आउने गीति नाटक पनि उनीहरूमाझ लोकप्रिय थियो । मेरो फुपू र उनका साथीहरू (जो नाताले मेरो बोजू, फुपू र काकी पर्दथे) मा प्रख्यात गीत भने 'आमा, दिदी, बहिनी हो कति बस्छौ दासी भै' भन्ने बोलको थियो । गाउँमा यो गीत धेरै लोकप्रिय थियो । तर यो गीत मैले त्यस बेला कहिल्यै रेडियोबाट

बजेको सुनिनँ, न त कुनै कार्यक्रममा गाएको नै सुने। यस्ता प्रगतिशील गीतहरू उनीहरू कहाँबाट सुन्थे र सिक्थे, यो मेरो लागि अझै पनि रहस्य नै छ। रहस्यको कुरा गर्दा, मलाई सानोमा रेडियो एकदम रहस्यमय चीज लाग्दथ्यो। यो कसरी बजेको होला, त्यसमा बोल्ने मान्छे कस्ता होलान् भनी कल्पना गर्दथेँ। कल्पना गर्ने क्रममा रेडियोभित्र नै साना साना मान्छेहरू बस्छन् होला र उनीहरू नै बोल्छन् होला भन्ने लाग्दथ्यो। म रेडियोभित्र नै एउटा छुट्टै संसारको कल्पना गर्थें। पछि थाहा भयो, रेडियोको छुट्टै संसार त हुँदो रहेछ तर त्यहाँका मान्छेहरू स-साना नभई साधारण मानिस नै हुँदा रहेछन्। उनीहरूले सिंहदरबारबाट आफ्ना कार्यक्रमहरू प्रसारण गर्ने गर्दा रहेछन्।

सानोमा मलाई मन पर्ने कार्यक्रममा यज्ञनिधि दाहालको *साहित्य संसार*, रोनास्टले सञ्चालन गरेको *विज्ञान प्रविधि* र वासुदेव मुनालको *बाल कार्यक्रम* थिए। यज्ञनिधि दाहालले कविता पाठ गर्ने शैली मलाई एकदमै मन पर्दथ्यो। बेलाबेलामा म उनको नक्कल गर्दै नेपाली किताबका कविताहरू पाठ पनि गर्थें। *विज्ञान प्रविधि* कार्यक्रममा नयाँ नयाँ वैज्ञानिक खोज अनुसन्धान तथा ज्ञान विज्ञानका कुराहरू हुन्थे। त्यसैले मलाई यो कार्यक्रम एकदमै मन पर्दथ्यो। वासुदेव मुनालले "आओ मेरा प्यारा भाइ बहिनी हो, रेडियो नजिक आओ" भन्दै कार्यक्रम सञ्चालन गरेको मलाई खुब मन पर्थ्यो। उनको हँसिलो र जोसिलो स्वर अझै पनि मेरो कानमा गुञ्जन्छ। 'हामी धेरै साना छौँ, हाम्रो मुटु सानो छ' र 'दुई एकान दुई, दुई दुना चार, पढपढ नानी हो भै होसियार' बोलका गीतहरू मलाई मन पर्थे र अझै पनि मन पर्छन्। सानो छँदा मलाई बाल गीत मात्र नभएर आधुनिक गीत पनि निकै मन पर्दथ्यो। मामाहरू र दाजुहरूसँग धेरै समय बिताउने भएकाले गर्दा उनीहरूले जुन गीत मन पराउँथे, त्यो नै मलाई पनि मन परेको हुनसक्छ। कुरा त्यस बेलाको हो, जुन बेला 'गहिराइमा डुब्दै नडुब डुबी सकेका छौ भने मोती नटिपी नफर्क' भन्ने बोलको गीत हिट थियो र यो गीत रेडियो नेपालबाट खुब बज्थ्यो। मलाई पनि यो गीत राम्रो लाग्थ्यो। त्यस बेला म भर्खरभर्खर प्राथमिक विद्यालय जान थालेकी थिएँ। सरले मलाई कक्षामा गीत गाऊ भन्नुभयो। मैले पनि यही गीत गाइदिएँ। सरले त्यसपछि 'गहिराइमा डुब्दै नडुब' भन्दै हाँस्दै कस्तो गीत गाएको भन्नुभयो र कक्षा सकिएपछि मेरा साथीहरूले पनि मलाई त्यही गीत गाउँदै जिस्क्याए। त्यसपछि मैले कहिल्यै कक्षामा गीत गाउने आँट गरिनँ। तर बुझेर होस् या नबुझी, त्यस बेला मलाई त्यो गीतको शब्द, सङ्गीत र स्वर सबै मन परेका थिए।

सानोमा हामी घरमा सबैजना आफ्नो काम गर्दै रेडियो सुन्ने गर्थ्यौं। समाचार हामी विशेष रुचिसाथ सुन्थ्यौँ । रेडियो सुन्ने बानीले गर्दा हामी (म र मेरो दाइ) लाई धेरै कुराहरू थाहा हुन्थ्यो । हामीलाई प्रायः सबै मन्त्रीहरूको नाम मात्र थाहा नभएर तिनका विभागहरूको नामसमेत थाहा हुने गर्दथ्यो । एकपटक काठमाडौँबाट घर (थेचम्बु) गएको बेला त्यहाँको स्कूलमा हाजिरीजवाफ प्रतियोगिता भएको थियो । त्यो कार्यक्रम हेर्न हामी परिवार नै गएका थियौँ । प्रतियोगितामा सहभागीहरूलाई भर्खरै भएको कुन खेलमा को नेपालीले विदेशबाट पदक प्राप्त गरेको थियो भन्ने प्रश्न सोधिएको थियो । सहभागीमध्ये कसैले पनि  यसको सही उत्तर दिन सकेनन् र दर्शकबाट कसैलाई थाहा छ भनी सोधियो अनि मैले हात उठाएर म्याराथुनमा वैकुण्ठ मानन्धरले भनी जवाफ दिएँ। त्यो जवाफ दिएबापत मैले मिठाई पुरस्कार पाएकी थिएँ । यसले मलाई सामान्य ज्ञान जान्न हौसला दियो । समान्य ज्ञान थाहा पाउन पनि हामी रेडियो सुन्ने गर्थ्यौं । हामी केटाकेटीबीच समाचार सुन्दा कसले समाचारवाचन गरेको हो भनेर बोली छुटचाउने होड पनि चल्दथ्यो । बोली छुटचाउने होड गीत गाउने गायक-गायिका र कार्यक्रम प्रस्तुतकर्ताको सम्बन्धमा पनि हुने गर्दथ्यो । हामीबीच मत बाझिएमा त्यसको अन्तिम निर्णय आमा-बाबाले गरिदिनुहुन्थ्यो । त्योभन्दा पनि मजाको कुरा, म र मेरो दाइलाई रेडियोबाट प्रसारण हुने सबै विज्ञापन कण्ठ थियो । रेडियोबाट कुनै विज्ञापन आए हामी सँगसँगै गाउने र डायलग भन्ने गर्थ्यौं । कृष्ण पाउरोटीको 'भैगो अब खेल्दिन साथी, भोक पनि लाग्यो, म त जान्छु खाजा खान्छु, पाउरोटी कृष्ण पाउरोटी', अनि अलिपछि परिवार नियोजनको 'दुई मात्र सन्तान ईश्वरका वरदान', 'दोस्रो बच्चा कहिले पहिलो स्कूल जान्छ जहिले' जस्ता विज्ञापन सधैँ बजिरहन्थे ।

हामी पढ्नका लागि २०४० सालतिर काठमाडौँ आयौँ। त्यसको केही वर्षपछि हाम्रो घरमा पनि टिभी आयो । त्यस बेला नेपाल टिभीको प्रसारण भर्खरै सुरु भएको थियो । टिभी आएपछि कार्टुनहरू प्रसारण हुन थाले, गीत मात्र नभएर साथमा नाच र गाउने मान्छेको अनुहार पनि हेर्न पाइने भयो । फिल्म र टेलिफिल्महरू प्रसारण हुन थाले । यसले गर्दा रेडियो सुन्ने हाम्रो बानीमा पनि परिवर्तन आउन थाल्यो । नेपाल टेलिभिजन बेलुका प्रसारण हुने हुँदा रेडियोमा बेलुकीको कार्यक्रम सुन्ने क्रममा कमी आउन थाल्यो । पहिलेपहिले रेडियो सुन्दै काम गर्नुको सट्टा हात बाँधेरै टिभी हेर्ने बानीको विकास भयो । रेडियो सुन्ने समय टेलिभिजनको प्रसारण समय बढ्ने क्रमसँगै कम हुँदै गयो । तर 'होमवर्क' गर्दा र पढ्दा रेडियो सुन्ने बानीमा भने परिवर्तन आएन । दिउँसो प्रसारण हुने

रेडियोका कार्यक्रमहरू भने हामीबीच त्यत्तिकै प्रिय थिए। शनिबार दिउँसो आउने *फोन-इन कार्यक्रम*ले त तहल्का नै मचाएको थियो भन्दा फरक नपर्ला। यो कार्यक्रम पाण्डव सुनुवारले चलाउनुहुन्थ्यो। श्रोतासँग फोनमा कुरा गरेपछि कुरा गर्ने मान्छेले भनेको गीत नै बजाइदिने भएकाले यसलाई सबैले रुचाएका थिए। त्यस बेला मेरो एक जना साथीले पोखराबाट चिठ्ठी पठाएर मलाई *फोन-इन कार्यक्रम*मा फोन गरेर बोल्नु भनी लेखेको पनि थियो। तर मैले उसको इच्छा पूरा गर्न सकिनँ। प्रजातन्त्रपछि आएको एफएम रेडियो प्रसारणले रेडियो सुन्ने बानीलाई फेरि परिवर्तन गरिदिएको छ। एफएममा प्रसारण हुने राम्राराम्रा कार्यक्रम तथा गीत सङ्गीत, तुरुन्त प्राप्त हुने सूचना र खबरले गर्दा फेरि रेडियोतर्फ आकर्षण बढाएको छ। अहिले फेरि रेडियो सुन्ने मेरो समयावधि बढ्दै गएको छ तर त्यो रेडियो नेपाल नभएर एफएमतिर ढल्किएको छ।